नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(..........................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्याः ०८१/८२
चलनी नं.: ३०५

मितिः २०८१/०५/२८

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री जुगल नेशम जलविद्युत प्रा.लि.,
काठमाडौं, नेपाल।
फोन नः ९८४९४७५६८६

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित तल्लो नेशम क्यास्केड जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (चौथो संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम निम्न विवरणहरू ३५ दिनको समयावधि भित्र पेश गर्न हुन यस विभागको मिति २०८१/०५/२७ गतेको निर्णयानुसार जानकारी गराइन्छ।

क) श्री बलेफी इनर्जी प्रा.लि. र याम्बलिंग हाइड्रोपावर प्रा.लि. बाट संचालित आयोजनाहरू क्रमशः बलेफी खोला ज.वि.आ. र याम्बलिंग खोला ज.वि.आ.लाई प्रस्तावित तल्लो नेशम क्यास्केड जलविद्युत आयोजनाले असर नपार्ने सम्बन्धमा संचालक समितिको निर्णयको सक्कल वा प्रमाणित प्रति,

ख) श्री बलेफी हाइड्रोपावर लिमिटेडबाट बाट प्रबर्द्धित अपर बलेफी ए ज.वि.आ.लाई प्रस्तावित तल्लो नेशम क्यास्केड जलविद्युत आयोजनाले असर नपार्ने सम्बन्धमा संचालक समितिको निर्णयको सक्कल वा प्रमाणित प्रति,

ग) श्री सिता हाइड्रोपावर प्रा.लिल.बाट प्रबर्द्धित नेसम खोला ज.वि.आ.को क्यास्केड आयोजनाको रूपमा विकास एवं अध्ययन गर्न सहमति प्रदान भएको संचालक समितिको निर्णयको सक्कल वा प्रमाणित प्रति,

घ) विभागबाट तोकिएको ढांचाको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात/विवरणहरू।

ङ) नेट वर्थ तयार गर्ने सि.ए संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्वन्धी कागजात तथा नविकरण भएको निस्साको नोटराइज़ गरिएको प्रतिलिपि,

च) परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्र (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)

छ) संचालक समितिको बैठकको निर्णय सहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं. इमेल) र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र एवं सम्पर्क नं.

(सुजन निरौला)
इन्जिनियर
२०८१/०५/२८